लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

# लमही नगरपालिकाको अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति: २०७५।०९।२१

## विद्यालय अनुमति तथा कक्षा थप सम्बन्धमा

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड ज २ मा भएको व्यवस्था बमोजिम सामुदायिक, संस्थागत, गुठी, र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन तथा नियमन जस्ता कार्य स्थानीय सरकार अन्तरगत रहेको सन्दर्भमा शैक्षिक सत्र २०७६ देखि नयाँ विद्यालय स्थापना, तह थप, कक्षा थप, स्थानान्तरण, समायोजन, नाम परिवर्तन, स्वामित्व परिवर्तन अनुमतिका लागि तपसिलका कागजात एवं प्रमाणहरु संलग्न राखी यस लमही नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निर्धारित ढाँचामा रितपूर्वकको निवेदन मिति २०७५ पौष मसान्त भित्र दिनुहन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

- निर्धारित ढाँचामा निवेदन
- विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- शिक्षक नियुक्ति, कम्तिमा एक शैक्षिक सत्र अध्यापन गर्ने प्रतिवद्धता सहित शिक्षकका शैक्षिक योग्यताका प्रमाणपत्र प्रतिलिपीहरु
- सामुदायिक विद्यालयको हकमा नियमित स्रोत खुलेको वा स्रोत व्यहोर्ने प्रतिबद्धता
- समान तहका नजिकका कम्तिमा ३ वटा विद्यालयको सहमति पत्र
- अनुमति माग गरेको तह वा कक्षाभन्दा पहिलो तह वा कक्षाको अनुमति पत्र
- विद्यालय प्रस्तापना पत्र र सेवा क्षेत्रको नक्सा
- तल्लो कक्षाको STUDENT ID को प्रमाणित प्रति
- गत आवको लेखापरिक्षण प्रतिवेदन र विद्यालयको पञ्चवर्षीय योजना
- घर भाडामा लिई विद्यालय संचालन गर्ने भए कम्तिमा ५ वर्षको घर भाडा सम्झौता पत्र वा आफ्नै भए जग्गाको लालपूर्जाको प्रतिलिपी
- नयाँ संस्थागत विद्यालय स्थापना गर्ने भए सार्वजनिक गुठी वा निजी गुठी के मा संचालन गर्ने हो सोको स्वीकृत गुठी विधान
- संस्थागत विद्यालयको हकमा आयकर र नगरपालिकामा व्यवसाय कर चुक्ता प्रमाणपत्र
- स्थानान्तरण, समायोजन, नाम परिवर्तन, स्वामित्व परिवर्तनका लागि तोकिए बमोजिम अन्य कागजातहरु

प्रशासकिय अधिकृत